# प्रदेश सार्वजनिक सडकको व्यवस्था तथा संचालन गर्न बनेको विधेयक

**<u>प्रस्तावना</u>:** प्रदेशभित्र बसोबास गर्ने सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्न सबै किसिमका सार्वज़निक सडकहरूको वर्गीकरण र मापदण्ड तयार गर्ने र सार्वजनिक सडकमा पर्ने जग्गाको उपयुक्त मुआब्जा प्रदान गरी आवश्यक पर्ने जग्गा प्राप्त गर्दै सार्वजनिक सडकको निर्माण, मर्मत, विस्तार तथा सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश सार्वजनिक सडक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. ३ को मन्त्रिपरिषद्लाई सम्झनु पर्छ ।

(ख) "सडक" भन्नाले तोकिएको मापदण्ड पुरा गरी निर्माण गरिएको, सार्वजनिक रुपमा यातायातका साधनहरु सञ्चालन गर्न सकिने बाटो वा मार्ग वा पथलाई सम्झनुपर्छ ।

(ग) "प्रदेश सार्वजनिक सडक" भन्नाले प्रदेश सरकारको अधिनमा रहेका प्रदेश भित्रका सार्वजनिक प्रयोगमा रहेका सडक सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कज्वे, कलभर्ट, साईकल मार्ग र फूटपाथलाई समेत जनाउँछ ।

(घ) "प्रदेश द्रुतमार्ग" भन्नाले प्रदेशभित्रको कुनै एक स्थानबाट अर्को स्थान जोड्ने, दुई स्थानको बीचबाट दायाँ बायाँ निकास (ल्याटेरल एक्सेस) नखुल्ने,



प्रदेश सभा आन्तरिक मामिला तथा कानून समिति प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

विपरित दिशातर्फ यातायातका साधनहरु चल्ने लेनहरु छुट्टयाइएको (मेडिएन स्ट्रिप), एकै सतहमा परस्परका सडकहरुले नकाटिने (ग्रेड सेपर्याटेड) भएको र उच्च गतिमा यातायातका साधनहरु चलाउनका लागि विकास गरिएको सडकलाई सम्झनु पर्छ ।

(ङ) "प्रदेश लोकमार्ग" भन्नाले राष्ट्रिय लोकमार्गबाट प्रदेश सदरमुकाम जोड्ने सडक वा राष्ट्रिय लोकमार्गबाट जिल्ला सदरमुकाम जोड्ने सडक वा प्रदेश सदरमुकामबाट जिल्ला सदरमुकाम जोड्ने सडक वा प्रदेशभित्र एक जिल्ला सदरमुकामबाट अर्को जिल्ला सदरमुकाम जोड्ने सडक वा दुई राष्ट्रिय लोकमार्ग जोड्ने सडकलाई सम्झनु पर्छ ।

(च) "प्रदेश सहायक मार्ग" भन्नाले राष्ट्रिय लोकमार्गबाट स्थानीय तहको केन्द्र जोड्ने सडक वा प्रदेश लोकमार्गबाट स्थानीय तहको केन्द्र जोड्ने सडक वा प्रदेश सदरमुकामबाट स्थानीय तहको केन्द्र जोड्ने सडक वा जिल्ला सदरमुकामबाट स्थानीय तहको केन्द्र जोड्ने सडक वा दुई वा दुईभन्दा बढी स्थानीय तहको केन्द्र जोड्ने सडक वा राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्गबाट महत्वपूर्ण बजार केन्द्र, धार्मिक, ऐतिहासिक, पर्यटकीय तथा अन्य महत्वका स्थलहरु जोड्ने सडकलाई सम्झनु पर्छ ।

(छ) "सडक सीमा" भन्नाले प्रदेश सार्वजनिक सडक र त्यस्तो सडकको केन्द्र रेखाको दायाँ बायाँ दफा ३ बमोजिम तोकिएको जग्गाको क्षेत्र सम्झनु पर्छ ।

(ज) "जग्गा" भन्नाले जुनसुकै जग्गा सम्झनु पर्छ र सो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, रुख, इत्यादि र सोसंग स्थायी रूपले जोडिएको चिज बस्तुलाई समेत जनाउँछ ।

(झ) "स्थानीय अधिकारी" भन्नाले प्रदेश सरकारले तोकेको अधिकारी सम्झनु पर्छ र त्यसरी कुनै अधिकारी नतोकेकोमा संबन्धित स्थानीय सरकारको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(ञ) "प्रदेश सडक विभाग" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ३ को सडक विभाग सम्झनु पर्छ । यसरी प्रदेश सडक विभाग गठन नभए सम्मका लागि प्रदेश



आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ३ हेटौडा, मकवानपुर, नेपाल

सरकार, प्रदेश नं. ३ को भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको यातायात पूर्वाधार निर्देशनालयलाई सम्झनु पर्छ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## प्रदेश सार्वजनिक सडकको वर्गीकरण, सडक सीमा, मापदण्ड र जग्गा प्राप्ति

३. **प्रदेश सार्वजनिक सडकको वर्गीकरण तथा सडक सीमा:** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश सार्वजनिक सडकलाई देहाय बमोजिम वर्गीकरण गरी त्यस्तो सडकको केन्द्र रेखादेखि दायाँ बायाँ दुवैतिर छब्बिस मीटरमा नबढाई सडक सीमा तोक्नेछ :-

(क) प्रदेश द्रुतमार्ग,

(ख) प्रदेश लोकमार्ग,

(ग) प्रदेश सहायक मार्ग।

तर एकै किसिमको सडकको सम्पूर्ण लम्बाईमा पनि भौगोलिक स्थिति (टोपोग्राफी) र बस्तीको कारण त्यस्तो सडक सीमा कम बढी गर्न वा पुल तथा पुलको वरपर नदीको तटबन्ध सुरक्षाको लागि चार किल्ला समेत खोली आवश्यक सीमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सडक सीमा तोकिएकोमा सडक सीमाको र सडक सीमा नतोकिएकोमा प्रदेश सार्वजनिक सडकको किनाराबाट ६।६ मिटरमा नबढ्ने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रभित्र कुनै किसिमको स्थायी संरचना वा भवन कसैले निर्माण गर्न नपाउने गरी निषेध गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निषेध गरिएको क्षेत्रभित्र कसैले कुनै किसिमको स्थायी संरचना वा भवन निर्माण गरेमा त्यस्तो संरचना वा भवन प्रदेश सडक विभागको आदेशले भत्काउन सकिनेछ । प्रदेश सडक विभागले त्यस्तो संरचना वा भवन भत्काउँदा लागेको खर्चसमेत सम्बन्धित व्यक्तिबाट भराउन सक्नेछ ।

प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ३ हेटौंडा मकवानपुर, नेपाल

(४) नगर विकास सम्बन्धी योजना लागू भएको क्षेत्रमा तत्सम्बन्धी प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

४. **<u>जग्गा प्राप्त गर्न सकिने</u>**: (१) प्रदेश सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न वा सडक सीमाको निर्धारण गर्न प्रदेश सरकारले प्रचलित कानुन बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्त गर्दा प्रदेश सरकारले जग्गाको उचित क्षतिपूर्ति निर्धारण गरी क्षतिपूर्ति प्रदान गरेर प्राप्त गर्नु पर्नेछ।

## परिच्छेद–३

## प्रदेश सार्वजनिक सडकको निर्माण, रेखदेख, संभार र अन्य व्यवस्था

५. **<u>प्रदेश सार्वजनिक सडकको निर्माण</u>**: (१) प्रदेश सडक विभागले प्रदेश सडकको विकास, निर्माण, विस्तार तथा व्यवस्थापन र मर्मत सम्भार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सार्वजनिक सडकको निर्माण तथा विस्तार गर्नु अगाडि अनिवार्य रुपले वातावरणीय अध्ययन गर्नु पर्ने छ । यसरी गरिने वातावरणीय अध्ययन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३) दफा ३ को उपदफा (१) बमोजिमका प्रदेश सार्वजनिक सडकहरुको निर्माण सम्बन्धी ज्यामितीय मापदण्ड (जोमेट्रिक डिजाइन स्ट्याण्डर्ड्स) र भारवहन मापदण्ड (पेभमेन्ट डिजाइन स्ट्याण्डर्ड्स) सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६. **<u>सडक निर्माण, विस्तार वा सुधार गर्दा अरू जग्गा अधिग्रहण गर्न सकिने</u>**: (१) प्रदेशभित्र कुनै सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्ने काम पूरा नभएसम्म देहायको कामको लागि प्रदेश सडक विभागले कुनै जग्गा अस्थायी रूपले अधिग्रहण गर्न सक्नेछ :-

(क) त्यस्तो सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न आवश्यक निर्माणका सर–सामान उपकरण राख्न वा त्यस्तो निर्माण, विस्तार वा सुधार सम्बन्धी कार्यको रेखदेख वा नियन्त्रण गर्ने व्यक्तिहरू बस्ने घर, कटेरो बनाउन,



प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ३ मकवानपुर, नेपाल

(ख) त्यस्तो सडकको निर्माण, विस्तार वा सुधार गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो सडकबाट हुने आवागमन चालू राख्न वा निर्माण पूरा नभएसम्म सो सम्बन्धी सरसामान वा उपकरण ओसार पसार गर्न आवश्यक पर्ने अस्थायी किसिमको छुट्टै सडक बनाउन ।

(ग) सडक अवरोध भएको अवस्थामा आकस्मिक रुपमा डाइभर्सन बनाउन ।

(२) उपदफा (१) मा उल्लिखित कामको लागि विशेष परिस्थिति परेमा बाहेक देहायको घर जग्गा अधिग्रहण गरिने छैन :-

(क) कुनै व्यक्तिले आफ्नो वासस्थानको निमित्त प्रयोग गरी राखेको घर, टहरा वा भवन,

(ख) देवस्थल, स्कूल, अस्पताल, धर्मशाला वा अनाथालयको निमित्त प्रयोग भइरहेको घर जग्गा ।

(३) उपदफा (१) बमोजिम अधिग्रहण गरेको जग्गा जुन कार्यको निमित्त अधिग्रहण गरिएको हो, सो कार्य सम्पन्न भएपछि त्यस्तो जग्गा सम्बन्धित जग्गावाला वा निजको हकवालालाई भरसक अधिग्रहण गर्दा कै अवस्थामा फिर्ता गरिदिनु पर्नेछ । क्षति वा नोक्सान भएको अवस्थामा सो को यथार्थ क्षतिपूर्ति दिनुपर्नेछ ।

७. <u>**अधिग्रहण गरिने जग्गाको भाडा वा क्षतिपूर्ति र त्यसको निर्धारण**</u>: (१) देहायको अवस्थामा बाहेक दफा ६ बमोजिम कुनै जग्गा अधिग्रहण गर्दा प्रयोग गरिएवापतको क्षतिपुर्ति दिइने छैन :-

(क) कुनै घर, टहरा वा भवन सहित कुनै जग्गा अधिग्रहण गरेकोमा त्यस्तो घर, टहरा वा भवनको धनीले सो घर, टहरा वा भवन उपभोग गर्न नपाए बापतको क्षति,

(ख) बालीनाली लगाउने समय नाघ्ने गरी कुनै जग्गा अधिग्रहण गरिएमा त्यस्तो बालीनाली लगाउन नपाए वापत सम्बन्धित जग्गावालाले व्यहोर्न परेको नोक्सानी,

प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, नेपाल

(ग) अधिग्रहण गरिएको जग्गामा कुनै अस्थायी सडक बनाएको वा निर्माणका सरसामान राखेको फलस्वरूप सो जग्गालाई अधिग्रहण गर्दाको स्थितिमा ल्याउन त्यस्तो जग्गा फिर्ता पाउने व्यक्तिले व्यहोर्न पर्ने जति रकम ।

तर कसैले अनाधिकृत ढङ्गले प्रयोग गरिरहेको जग्गा वा घरको सम्बन्धमा माथि खण्ड (क), (ख) र (ग) वापतको क्षतिपूर्ति दिईने छैन ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकमको निर्धारण देहाय बमोजिम गरिनेछ :-

(क) प्रदेश सडक विभाग र सम्बन्धित जग्गाधनीको बीच सम्झौता भएमा सोही बमोजिम,

(ख) खण्ड (क) बमोजिम सम्झौता हुन नसकेमा सम्बन्धित स्थानीय अधिकारीको मध्यस्थताद्वारा निर्धारण गरिए बमोजिम ।

८. **<u>किनारामा रुख लगाउने र त्यसको रेखदेख</u>:** (१) प्रदेश सडक विभागले प्रदेश सार्वजनिक सडकको दायाँ बायाँ आवश्यकता अनुसार रुख विरुवा रोपी उचित रेखदेख र संरक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम रुख लगाउँदा सडकको अवस्था र सवारी आवागमनको सुरक्षालाई मध्यनजर राखी दृश्य स्पष्टता (भिजिविलिटी) मा असर नपर्ने गरी लगाउनु पर्नेछ ।

(३) निर्माण भईसकेपछि रुखहरूको रेखदेख र संरक्षण गर्ने कर्तव्य सम्बन्धित स्थानीय तहको हुनेछ ।

(४) उपदफा (१) बमोजिम लगाइएको रुखको काँटछाँट गर्ने वा त्यस्तो रुखले आवागमनमा बाधा पुर्याएमा त्यसलाई हटाउने जिम्मेवारी प्रदेश सडक विभागकै हुनेछ ।

(५) उपदफा (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सडक विभागले सो उपदफाहरूमा उल्लिखित कार्यहरू तोकिए बमोजिम अन्य कुनै व्यक्ति वा संस्थाद्वारा समेत गराउन सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

९. **सवारी साधन वजनको हद निर्धारण गर्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश सार्वजनिक सडकले वहन गर्न सक्ने वजनको हद निर्धारण गरी त्यस्तो सार्वजनिक सडकमा त्यसरी तोकिएको हद भन्दा बढी वजनको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।

१०. **आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन सकिने:** (१) प्रदेश सडक विभागले सार्वजनिक सडकको निर्माण, मर्मत वा सम्भारको सम्बन्धमा कुनै आसपासको जग्गामा माटो, ढुङ्गा वा बालुवा भई सो माटो, ढुङ्गा वा बालुवा लिन आवश्यक परेमा उपयुक्त निर्णय गरी आवश्यक परिमाणमा माटो, ढुङ्गा वा बालुवा लिन सक्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिंदा त्यसमा रहेको कुनै बाली, रुख, विरुवा वा अन्य कुनै चीज वस्तुको नोक्सानी भएमा वा खाल्डो पर्नगएमा उचित रकम क्षतिपूर्ति दिनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै घरको निकट आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु परेमा सम्बन्धित घरधनीको पूर्व स्वीकृति प्राप्त नगरी त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु हुँदैन ।

११. **सार्वजनिक सडक नियमन सम्बन्धी व्यवस्था :** (१) कसैले प्रदेश सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुर्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त मनासिब अवधि तोकी सरोकारवाला व्यक्तिको नाउँमा प्रदेश सडक विभागले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र त्यस्तो माल वस्तु नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई प्रदेश सडक विभागले सडकको छेउ लगाई राख्न वा आफ्नो कब्जामा राख्न वा अन्यत्र लैजान सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सडकमा छाडिएको, राखिएको वा फालिएको कुनै माल वस्तुले त्यस्तो सडकको सम्पूर्ण आवागमनलाई अवरोध पुर्याएमा त्यस्तो माल वस्तुलाई तुरुन्त सडकबाट हटाई सार्वजनिक सडक नियमन गर्ने अधिकार प्रदेश सडक विभागलाई हुनेछ ।

(४) उपदफा (१) मा उल्लिखित माल वस्तु बाहेक प्रदेश सार्वजनिक सडकको दायाँ बायाँ रहेको कुनै घर वा पर्खालमा सडकपट्टि निस्कने गरी राखिएको, जडिएको वा



प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

बनाइएको कुनै चीज, वस्तु वा ढोका वा रुखको हाँगा वा लहरा वा तारले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध हुन गएको छ भन्ने ठहराएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न सरोकारवाला व्यक्तिको नाउँमा मनासिब माफिकको म्याद तोकी प्रदेश सडक विभागले आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेशमा सम्बन्धित चीज, वस्तु वा ढोकालाई राख्ने, बनाउने वा जोड्ने ढाँचा र रुख वा लहरालाई काँट छाँट गरी कायम गर्नु पर्ने उचाई समेत तोक्न सक्नेछ ।

तर, यो ऐन लागू हुनुअघि बनेको वा रहेको कुनै चीज, वस्तु वा ढोकालाई हटाउन पर्ने भएमा त्यस वापतको क्षतिपूर्ति दिई र केही फेर बदलसम्म गर्नु पर्ने भएमा त्यस वापत लाग्ने खर्च प्रदेश सडक विभागले व्यहोर्नेछ ।

(५) उपदफा (४) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा लेखिएको काम कुरा गर्न नसक्ने भई म्याद बढाउन चाहने व्यक्तिले कारण समेत खोली प्रदेश सडक विभागमा निवदेन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम निवेदन पर्न आएमा प्रदेश सडक विभागले उपयुक्त अवधि तोकी आवश्यक म्याद बढाउन वा थप गर्न सक्नेछ ।

(७) उपदफा (४) बमोजिम तोकिएको म्याद वा उपदफा (६) बमोजिम म्याद बढाइएकोमा त्यस्तो म्यादभित्र पनि आदेशमा लेखिएको काम कारवाई नगरेमा प्रदेश सडक विभागले आफ्नो कर्मचारी वा अन्य कुनै व्यक्ति खटाई त्यस्तो आदेशमा उल्लिखित काम कारवाई गराउन सक्नेछ । त्यस्तो अवस्थामा सम्बन्धित व्यक्तिले उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम खर्च दावी गर्न पाउने छैन ।

१२. <u>**स्वीकृति नलिई काम गर्न नहुने:**</u> (१) प्रदेश सडक विभागको स्वीकृति प्राप्त नगरी प्रदेश सार्वजनिक सडक वा सडक सिमामा कसैले प्रदेश सार्वजनिक सडकसँग जोडिने गरी प्रवेश मार्ग बनाउन, प्रदेश सार्वजनिक सडक वा सडक सीमाभित्र खाडल वा कुलो खन्न वा भत्काउन, किला, लट्ठा, तगारो आदि गाड्न वा हाल्न वा घर टहरो वा छाप्रो बनाउन वा विज्ञापन सम्बन्धि बोर्ड राख्न, सडक सीमाभित्रको जग्गा आवादी गर्न वा यस्तै अन्य कुनै किसिमको कार्य गर्न पाइने छैन ।

(२) कसैले प्रदेश सडक विभागको स्वीकृति प्राप्त नगरी उपदफा (१) मा उल्लिखित कुनै कार्य गरेमा प्रदेश सडक विभागले त्यस्तो व्यक्ति उपर यस ऐनको अन्य दफा



प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

बमोजिम कुनै कारवाही चलाउनु पर्ने भए सो समेत चलाई स्वीकृति नलिई बनाएको प्रवेश मार्ग बन्द गर्न, खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न तथा हटाउन वा बनाएका घर, टहरो र छाप्रो भत्काउन वा विज्ञापन सम्बन्धी बोर्ड हटाउन वा आवादी गरेको जग्गा बँझ्याउन उपयुक्त समय तोकी त्यस्तो व्यक्तिको नाउँमा आदेश जारी गर्न सक्नेछ ।

(३) सम्बन्धित व्यक्तिले उपदफा (२) बमोजिम जारी भएको आदेश पालना नगरेमा त्यस्तो व्यक्तिले बनाएको प्रवेश मार्ग बन्द गर्न वा खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन वा बनाएको घर, टहरो वा छाप्रो भत्काउन वा विज्ञापन सम्बन्धी बोर्ड हटाउन वा आवादी गरेको जग्गा बँझ्याउन सक्नेछ र सो वापत लागेको खर्चको रकम सम्बन्धित व्यक्तिबाट प्रदेश सडक विभागले असुल उपर गरी लिन सक्नेछ ।

(४) उपदफा (१), (२) र (३) मा उल्लिखत कार्य गर्ने व्यक्तिलाई प्रदेश सडक विभागले सो गरेवापत निजले गरेको कार्य हटाई प्रदेश सडकलाई यथावत अवस्थामा ल्याउँदा भएको खर्च र तोकिए बमोजिमको जरिवाना असुल उपर गर्न सक्नेछ । त्यस्तो कार्य पुनरावृत्ति गर्ने व्यक्तिबाट सो जरीवाना बाहेक सजाय वापत तोकिए बमोजिमको रकम असुल गर्न सकिने छ ।

(५) उपदफा (४) बमोजिमको कार्वाहीको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१३. **<u>धरौटी दाखिला गराउने तथा दस्तुर लिने अधिकार</u>:** (१) कसैलाई कुनै कामको निमित्त प्रदेश सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा प्रदेश सडक विभागको स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृति माग गरेमा प्रदेश सडक विभागले आवश्यक जाँचबुझ गरी त्यसरी खनिने वा भत्काउने प्रदेश सार्वजनिक सडक वा सडक सीमालाई मर्मत गरी पूर्वानुरूपमा कायम गर्न लाग्ने खर्चको रकम धरौटी लिई स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदेश सार्वजनिक सडक वा सडक सीमा खन्ने स्वीकृति दिंदा त्यसरी प्रदेश सार्वजनिक सडक वा सडक सीमा खन्दा अपनाउनु पर्ने तरीका वा जुन कामको लागि खनिएको हो सो समाप्त नभएसम्म पालन गर्नु पर्ने अन्य शर्तहरू प्रदेश सडक विभागले तोक्न सक्नेछ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

(४) उपदफा (३) बमोजिम तोकिएका शर्तहरू पालना गराउन स्वीकृतिको माग गर्ने व्यक्तिबाट कबुलियत गराउन आवश्यक देखेमा प्रदेश सडक विभागले कबुलियत समेत गराई सो वापत आवश्यक रकम धरौटी लिन सक्नेछ ।

१४. **खर्च भराउन सक्ने**: (१) प्रदेश सडक विभागले दफा ११ को उपदफा (२) बमोजिम सडकमा छाडेको वा राखेको माल पन्छाउँदा वा सोही दफाको उपदफा (६) बमोजिम कुनै काम कारवाई गर्दा गरेको खर्चको रकम सरोकारवाला व्यक्तिबाट भराई लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सडक विभागले खर्च भराई लिदाँ अपनाउने कार्य विधि तोकिए बमोजिम हुनेछ ।

(३) प्रदेश सार्वजनिक सडकको आवागमनमा बाधा पु-याउने गरी छोडेको वा राखेको कुनै माल वस्तुलाई प्रदेश सडक विभागले आफ्नो नियन्त्रणमा लिएको भए त्यस्तो माल वस्तु पन्छाउँदा वा अन्यत्र लैजाँदा विभागले व्यहोर्नु परेको खर्च असुल उपर नहुन्जेल त्यस्तो माल वस्तुलाई रोक्का गरी राख्न सक्नेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखीएको भए तापनि एक वर्षसम्म पनि त्यस्तो खर्च असुल उपर हुन नसकेमा वा त्यस्तो माल वस्तुको मालिक पत्ता नलागेमा सो माल वस्तु प्रदेश सरकारले आफनो स्वामित्वमा लिन सक्नेछ ।

## परिच्छेद–४

## विविध

१५. **क्षतिपूर्ति निर्धारण र त्यस उपरको उजुरी**: (१) दफा ७ को उपदफा (१) बमोजिम प्रदान गरिने क्षतिपूर्तिको रकम प्रदेश सडक विभागले सम्बन्धित स्थानीय तहको प्रमुख वा निजको प्रतिनिधिको उपस्थितिमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण भएको क्षतिपूर्तिमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो क्षतिपूर्ति पाउने सूचनां प्राप्त गरेको मितिले पैंतीस दिनभित्र मन्त्रालय समक्ष उजुरी दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उजुरी पर्न आएमा मन्त्रालयले आवश्यक अध्ययन र जाँचबुझ गरी उपयुक्त निर्णय गर्न सक्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

(४) उपदफा (२) बमोजिम मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

**स्पष्टिकरण:** मन्त्रालय भन्नाले प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयलाई जनाउनेछ।

१६. **जग्गा प्राप्त गर्न बाधा नपर्ने:** दफा १५ को उपदफा (२) बमोजिम क्षतिपूर्तिको सम्बन्धमा उजुरी परेको कारणले मात्र यस ऐन बमोजिम कुनै कामको लागि जग्गा प्राप्त गर्नमा बाधा पर्ने छैन ।

१७. **सरकारी कार्यालयले सडक खन्नु परेमा सूचना दिनु पर्ने:** (१) सङ्घीय सरकार वा प्रदेश सरकारको कुनै कार्यालयले कुनै कामको लागि प्रदेश सार्वजनिक सडक वा सडक सीमा खन्नु पर्दा प्रदेश सडक विभागको स्वीकृति लिई खन्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सडक वा सडक सीमा खन्ने सम्बन्धमा प्रदेश सडक विभागले कुनै तरीका वा शर्त तोकेको भए सो समेत पालना गर्नु पर्नेछ ।

१८. **अन्य सार्वजनिक पूर्वाधारका लागि सडक सीमाको प्रयोग:** (१) सार्वजनिक सडकमा बिजुलीको लट्ठा (पोल) तथा वितरण लाइन, खानेपानीको पाइप लाइन, ढल, ग्यासको पाइप लाइन, टेलिफोनको लट्ठा तथा वितरण लाइन, विभिन्न किसिमका सेवाका केबुल लाइन तथा लट्ठा प्रदेश सडक विभागको स्वीकृती लिएर राख्नु पर्नेछ ।

(२) सडक वा सडक सीमा उपभोग गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **दण्ड सजाय:** (१) यस ऐन बमोजिम गर्नुपर्ने जग्गा अधिग्रहण गर्दा वा यस ऐन बमोजिमको कुनै सूचना टाँस गर्दा बाधा विरोध वा हुलहुज्जत गरेमा प्रचलित कानुन बमोजिम हुने सजायमा थप बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(२) कसैले दफा ८ , ९ , १० वा ११ विपरित कुनै काम गरेमा बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) कसैले दफा १२ को उपदफा (१) को विपरीत कुनै काम गरेमा प्रचलित कानुन बमोजिम हुने सजायमा थप पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

(४) कसैले दफा १२ को उपदफा (३) बमोजिम प्रदेश सडक विभागले कुनै काम कारवाई गर्दा बाधा विरोध गरेमा प्रचलित कानुन बमोजिम हुने सजायमा थप पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

२०. **कसुरको तहकिकात र मद्दाको दायरी**: (१) यस ऐन बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको तहकिकात प्रदेश सडक विभागको प्रमुखले गर्नेछ।

(२) उपदफा (१) बमोजिम तहकिकातको काम पूरा भएपछि सरकारी वकीलको राय लिई प्रदेश सडक विभागको प्रमुखले सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्न सक्नेछ ।

२१. **कारवाही गर्ने अधिकार र त्यस उपरको पुनरावेदन**: (१) दफा ६ को प्रयोजनको लागि जग्गा अधिग्रहण गर्दा बाधा विरोध गरेको, दफा ७ बमोजिम लगाएको रुख काटेको वा उखेलेको, दफा ९ बमोजिम माटो, ढुङ्गा वा बालुवा लिँदा बाधा विरोध गरेको, दफा १० को बर्खिलाप प्रदेश सार्वजनिक सडकको आवागमनमा बाधा पुर्याउने गरी कुनै माल बस्तु राखेको, फालेको, जडेको, बनाएको, झुण्डाएको र दफा ११ को बर्खिलाप प्रदेश सार्वजनिक सडक वा सडक सीमाभित्र कुनै काम गरेको विषयको मुद्दाको पुर्पक्ष गर्ने अधिकारक्षेत्र सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला अदालतले गरेको निर्णय उपर चित्त नबुझ्ने ब्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

२२. **अधिकार प्रत्यायोजन**: यस ऐन बमोजिम प्रदेश सडक विभागलाई प्राप्त अधिकारमध्ये सबै वा कुनै अधिकार प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. **नियम बनाउने अधिकार**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२४. **निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्ने**: (१) यस ऐनको उद्देश्य पूरा गर्न यस ऐन र यस ऐन अन्तरगत बनेको नियमको प्रतिकूल नहुने गरी प्रदेश सरकारले निर्देशिका बनाई लागू गर्न सक्नेछ।

प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

(२) प्रदेश सरकारले सडक सीमा संरक्षण लगायत अन्य विषय कार्यान्वयन गर्दा आवश्यक कार्यविधि बनाई गर्न सक्नेछ।